# चितवन एक परिचय



**बलराम लुइटेल**
सूचना तथा अभिलेख अधिकृत, जि.वि.स. चितवन

**परिचय :**

चितवन, नेपालको मध्यमाञ्चल विकास क्षेत्रको दक्षिणी भागमा अवस्थित राजधानीसँग जोड्ने निकटतम राजमार्ग र पूर्व पश्चिम राजमार्गको सङ्गम स्थलको रूपमा रहेको तथा नारायणी नदीको पूर्वी भागमा भित्री मधेस र राप्ती उपत्यकाको नामले परिचित जिल्ला हो । तराईको भावर प्रदेशदेखि महाभारत पर्वतसम्म फैलिएको जिल्ला हो । चितवन प्राकृतिक मनोरम दृश्यहरूले




भरिएको, चितवन राष्ट्रिय निकुञ्ज, तालहरू, नदी, गढी जस्ता पर्यटकीय स्थल रहेको एउटा जिल्ला हो । यो सामाजिक, आर्थिक, भौतिक एवं पर्यटकीय दृष्टिले सुन्दर, समुन्नत र आकर्षक जिल्लाको रूपमा स्थापित गर्दै लैजान सरकारी, गैरसरकारी, निजी तथा सामुदायिक क्षेत्रका सङ्घसंस्थाहरू कार्यरत रहँदै आइ रहेका छन् ।

जनताको असीमित अवश्यकता, माग र आकाङ्क्षालाई सीमित स्रोत साधनले पूरा गर्नु पर्ने बाध्यताका कारण विकासको गति अझै पर्याप्त हुनसकेको छैन । देशको अन्य जिल्लाको तुलनामा सडक, यातायात, सञ्चार, विद्युत्, जनस्वास्थ्य, शिक्षा जस्ता क्षेत्रहरूमा चितवन अगाडि नै भएको देखिन्छ । कृषि, पर्यटन तथा उद्योग यस जिल्लाको प्रमुख सम्भावनाका क्षेत्र हुन् ।

यस जिल्लाको अधिकांश भूभाग मैदानी भए तापनि केही अति विकट र पहाडी क्षेत्र पनि पर्दछन् । अन्य जिल्लाबाट बसाइँ सराइ गरी आएका अधिकांश जनताहरू भए तापनि विकासको क्रममा पिछडिन पुगेका आदिवासी चेपाङ, थारु, माझी, दराई, कुमाल जातिहरू पनि प्रशस्तै रहेका छन् ।

जिल्लाको सङ्क्षिप्त परिचय दिने उद्देश्यले यो चिनारी प्रकाशन गरिएको हो । यस चिनारीको बारेमा कुनै टिप्पणी तथा सुझावहरू भए सूचना, अभिलेख तथा प्रकाशन शाखा (जिविसको कार्यालय) लाई उपलब्ध गराई सहयोग गर्नु हुन श्रद्धेय पाठकवर्गहरूलाई हार्दिक अनुरोध गर्दछौँ :

**भौगोलिक स्वरूप :**

**अवस्थितिः**

| | | |
|---|---|---|
| अक्षांश : | ८३° ५५' - ८४° ४८' उत्तर | |
| देशान्तर : | २७° २१' - २७° ४६' पूर्व | |
| सिमाना : | पूर्व | : मकवानपुर र पर्सा जिल्ला |
| | पश्चिम | : नवलपरासी र तनहुँ जिल्ला |
| | उत्तर | : गोरखा र धादिङ जिल्ला |
| | दक्षिण | : भारतको बिहार र उत्तर प्रदेश |
| जिल्लाको क्षेत्रफल | २२३८.३९ वर्ग किलोमिटर | |
| विकास क्षेत्र | | : मध्यमाञ्चल |
| अञ्चल | | : नारायणी |
| उचाइ (समुद्र सतहदेखि) | | : १४४ मिटरदेखि १९४७ मि. |

**हावापानी :**

सम–शीतोष्ण र उष्ण

| | |
|---|---|
| वार्षिक अधिकतम तापक्रम | : ३७.९०० से. |
| वार्षिक न्यूनतम तापक्रम | : ७° से. |

**जल भण्डार :**

**नदीहरूः**

पहिलो स्तरको नदी : नारायणी

अन्यस्तरका नदीहरू : राप्ती, लोथर, कायर खोला, रिग्दी र रिउ आदि ।

### ताल तथा कुण्डहरू

सत्र हजार ताल, बीस हजारी ताल, सत्ताइस हजार ताल, अठ्ठाइस हजार ताल, मुण्डाताल, देवी ताल, लामीताल, तमौर घैला ताल, कसरा ताल, नन्द भाउजू ताल, अन्जुरा ताल, मन्जुरा ताल, गड्डुवा ताल, अन्जना ताल, परशु राम कुण्ड, वैकुण्ठ आदि ।

### ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरू

देवघाट, वागेश्वरी, गणेशस्थान, शिवघाट, त्रिवेणी, गोद्धक, पाण्डवनगर, सोमेश्वर कालिका, विक्रम बाबा, चित्रसारी, जुटपानी कालिका, उपरदाङ गढी, चितवन राष्ट्रिय निकुञ्ज, मनकामना दर्शन प्रा.लि., चेरेस कुरिनटार, पुरानो गढी (चिसापानी गढी), सोमेश्वर गढी, कविलासपुर गढी, कङ्काली सामुदायिक वन, सिराइचुली आदि ।

### राजनैतिक विभाजन :

निर्वाचन क्षेत्र : ५, इलाकाः १३, गा.वि.स.:८, न.पा.: ७, उप-महानपा : १

### प्रशासनिक विभाजन

| नाम | जनसङ्ख्या | हालको वडा |
|---|---|---|
| भरतपुर उ.म.न.पा. | १,९९,८६७ | २९(पटिहानी, शिवनगर,फूलबारी गीतानगर र मङ्गलपुर गाविस समावेश गरेर उप महानगरपालिका) |
| रत्ननगर न.पा. | ६९८५१ | १९(बछौली र पिठुवा गाविस समावेश गरेर क्षेत्र विस्तार गरिएको) |
| खैरहनी न.पा. | ४६३९८ | १२(खैरहनी,चैनपुर, कुमरोज गाविस समावेश) |
| चितवन न.पा. | २६५७९ | १२ (गुञ्जनगर र शारदानगर गाविस समावेश) |
| नारायणी न.पा. | ३९६३७ | १२(मेघौली, शुक्रनगर, पार्वतीपुर,जगतपुर गाविस समावेश) |
| माडी न.पा. | ३७६८३ | १२ (गर्दी, बघौडा, अयोध्यापुरी र कल्याणपुर गाविस समावेश) |
| गाविस | १३४७१४ | कविलास, दाहाखानी, चण्डीभन्ज्याङ, कोराक, लोथर, पिप्ले, भण्डारा, सिद्धि, शक्तिखोर, कठार, वीरेन्द्रनगर, जुटपानी, पदमपुर, दिव्यनगर, दारेचोक, काउले |

### जनसङ्ख्याः (२०६८ को जनगणना अनुसार)

कुल जनसङ्ख्या : ५७९९८४

- महिलाः३००८९७ (५१.८%)
- पुरूषः २७९०८७ (४८.२%)

५ वर्षमुनिको जनसङ्ख्या : ४२८०१ जना
७५ वर्ष र सोभन्दा माथिको :
घरपरिवार सङ्ख्या (संस्थागत समेत): १३२४६२
औसत परिवार सङ्ख्याः ४.३८ जना.
जनघनत्व (प्रति व.कि.मि.) : २६१ जना
वार्षिक जनसङ्ख्या वृद्धिदर : २.०६५
सहरी जनसङ्ख्या (प्रतिशत) : १९५३८४ (३३.५%)
नेपालको जनसङ्ख्यामा जिल्लाको अंश : २.००%
१४ वर्षसम्मका बालबालिका : ६४%
६० वर्षभन्दा माथिका वृद्धवृद्धा : ११%
लैङ्गिक अनुपात : ९२.७५
जनसङ्ख्या दोब्बर हुने अवधि : ३४ वर्ष
भरतपुर नपाको जनसङ्ख्या : १४७७७७ जना
रत्ननगर नपाको जनसङ्ख्या : ४६६०७ जना
जनसङ्ख्या घटेका गाविसहरू : मेघौली,अयोध्यपुरी, कल्याणपुर, बघौडा, गर्दी र मेघौली
कम जनसङ्ख्या वृद्धिदर भएका गाविसहरू : सिद्धी, फूलबारी, दाहाखानी, चण्डीभञ्जाङ., लोथर, काउले, कविलास, पार्वतीपुर

### जनसङ्ख्याको भौगोलिक वितरण :

उपत्यका मैदानी भाग : ९०५ महाभारत पहाडी (चुरे) क्षेत्र : १०५

### भूउपयोगः

क) खेतीयोग्य जमिन : ४६८.९४वर्ग किमि (२६५)

ख) वन जङ्गलको क्षेत्र : १४२४वर्ग किमि (६२.९२५)
ग) चरनको क्षेत्रफल : १८८वर्ग किमि (६.०२५)
घ) बलौटे क्षेत्र : ४.९२५
ङ) बसोबास क्षेत्र : ०.१५%

**कृषि तथा सिँचाइ क्षेत्र :**

खेतीयोग्य भूमि : ४६८९४ हे. (जिल्लाको कुल क्षेत्रफलको १७.६५)
बाह्रै महिना सिँचाइ हुने क्षेत्रफल : १३७२६ हे.
वर्षायाममा मात्र सिँचाई हुने क्षेत्रफल : १७२६६ हे.
असिञ्चित क्षेत्रफल : १५९०२ हे.

**प्रमुख कृषि बालीहरू :**

खाद्यान्न बाली : धान, मकै, गहुँ, कोदो, फापर, जौ आदि ।
नगदे बाली : सनपाट, उखु, रेसम खेती
तरकारी बाली : आलु, गोलभैँडा, सिमी, बोडी, प्याज, काउली, बन्दा र राज्मा ।
दलहन बाली : मुसुरो, मास, भटमास, रहर
तेलहन बाली : तोरी, सस्युँ, बदाम, आलस, तोरा आदि ।

**खाद्यान्न पकेट क्षेत्रहरू**

- बिउको उत्पादन पकेट क्षेत्रः पटिहानी, शुक्रनगर, पार्वतीपुर, र.न.पा., पिठुवा, खैरहनी, गीतानगर ।
- रेसम पकेट क्षेत्रः बघौडा, कल्याणपुर, अयोध्यापुरी, कोराक, लोथर
- मौरी पकेट क्षेत्र : शक्तिखोर, चैनपुर, पिठुवा, जुटपानी, पदमपुर, र.न.पा., बछौली, कुमरोज, भ.न.पा., पटिहानी, जगतपुर, शुक्रनगर, दिब्यनगर, मेघौली ।
- तरकारी पकेट क्षेत्रः शुक्रनगर, जगतपुर, फूलबारी, गीतानगर ।
- सुन्तला पकेट क्षेत्रः दारेचोक, चण्डीभञ्ज्याङ ।
- केरा पकेट क्षेत्रः रत्ननगर, पिठुवा ।
- आलु पकेट क्षेत्रः कठार, चैनपुर, रत्ननगर ।

**कृषि पकेट क्षेत्रहरू :**

मौरीपालन : चैनपुर, जुटपानी, रत्ननगर, शक्तिखोर, पिठुवा
मत्स्य विकास र तरकारी खेती कार्यक्रमः गुञ्जनगर
मत्स्य विकास र रेसम खेती विकास कार्यक्रम : माडी
तरकारी खेती कार्यक्रम : मङ्गलपुर ।

**खानी रहेका स्थानहरू :**

फलाम : कान्द्राङ, जिरिवाङ र गोठेडाँडा
तामा : जुगेडी र यसको आसपासका क्षेत्रहरू
सुन : रिग्दी र माडीको मुगई खोला, सोमेश्वर डाँडाको फेद तथा चितई खोलाको वरपर

**चर्पीको आधारमा घरपरिवारको वर्गीकरण**

| सि.नं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | चर्पी नभएका घरपरिवार | ७८२२ | ५.९१ |
| २ | चर्पी भएका घरपरिवार | १२३९८२ | ९३.६८ |
| | फलस चर्पी सार्वजनिक ढल | १६६० | १.३४ |
| | फलस चर्पी सेफ्टी ट्याङ्की | ९६०३५ | ७७.४६ |
| | साधारण चर्पी | २६२८७ | २१.२० |
| ३ | नखुलेको | ५४१ | ०.४१ |
| | जम्मा घरपरिवार | १३२३४५ | १००.०० |

**घरको स्वामित्वका आधारमा घरपरिवारको वर्गीकरण**

| क्र.सं. | घरको स्वामित्व | घरपरिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आफ्नै | ९९१०७ | ७४।८९ |
| २ | भाडा | २२५८९ | १७।०७ |
| ३ | संस्थागत | १७०४ | १।२९ |
| ४ | अन्य | ८९४५ | ६।७६ |
| | जम्मा | १३२३४५ | १००।०० |

**ख. घरको बाहिरी गाह्रोका आधारमा**

| सि. नं. | घरको बाहिरी गाह्रो | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ढुङ्गा वा ईँटा माटोको जोडाइ | २७६४४ | २०।८९ |
| २ | ढुङ्गा वा ईँटा सिमेन्टको जोडाइ | ७४४९५ | ५६।२९ |
| ३ | काठको फलेक | ९४५१ | ७।१४ |
| ४ | बाँस | ११२५२ | ८।५० |
| ५ | काँचो ईँटा | १९९६ | १।५१ |
| ६ | अन्य | ६३३३ | ४।७९ |
| ७ | नखुलेको | ११७४ | ०।८९ |
| | जम्मा | १३२३४५ | १००।०० |

स्रोत : राष्ट्रिय जनगणना, २०६८

### ग. घरको छानाका आधारमा

| सि.नं. | घरको छाना | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | खर वा पराल | १५७३९ | ११।८९ |
| २ | जस्ता पाता | ६७५५५ | ५१।०४ |
| ३ | टायल वा स्लेट | ५९३८ | ४।४९ |
| ४ | ढलान | ४०९६६ | ३०।९५ |
| ५ | काठ | ३२९ | ०।२५ |
| ६ | अन्य | ५६६ | ०।४३ |
| ७ | नखुलेको | १२५२ | ०।९५ |
| | जम्मा | १३२३४५ | १००।०० |

स्रोत : राष्ट्रिय जनगणना, २०६८

### जिल्लाको इलाका अनुसारको गरिबीको रेखामुनि रहेको दर

| इलाका | गा.वि.स.तथा न.पा. | गरिबीको दर प्रतिशतमा |
|---|---|---|
| १ | कोराक, सिद्धी र लोथर | ५१.८३ |
| २ | चैनपुर, भण्डारा, वीरेन्द्रनगर र पिप्ले | ७.११ |
| ३ | खैरहनी, कठार र कुम्रोज | ३.५४ |
| ४ | पदमपुर, पिठुवा र बछ्यौली | ६.२९ |
| ५ | जुटपानी, काउले र शक्तिखोर | १८.५७ |
| ६ | दारेचोक, कविलास, चण्डी भन्ज्याङ र दहखानी | २५.३२ |
| ७ | भरतपुर | २.२९ |
| ८ | शिवनगर, फूलबारी | २.३६ |
| ९ | मङ्गलपुर र शारदानगर | 3.13 |
| १० | गुञ्जनगर, दिव्यनगर र मेघौली | ८।८२ |
| ११ | गीतानगर, पटिहनी र पार्वतीपुर | ४.५१ |
| १२ | जगतपुर र शुक्रनगर | ८.८७ |
| १३ | अयोध्यापुरी, बगौडा, गर्दी र कल्याणपुर | १९.८५ |
| १४ | रत्ननगर | ८.४९ |

स्रोत : Small Area Estimation of Poverty 2011

### ३.३ पेसा अनुसार रोजगारी विवरण

| सि.नं. | पेसाको नाम | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | सशस्त्र बल | ४९४ | ०.२२ |
| २ | व्यवस्थापक | ५,३७१ | २.३६ |
| ३ | पेसाविद् | १०,०८० | ४.४४ |
| ४ | प्राविधिक तथा सहायक पेसाविद् | ६,०४२ | २.६६ |
| ५ | कार्यालय सहायक | २,८०८ | १.२४ |
| ६ | सेवा तथा बिक्रीमा संलग्न कामदार | २५,०४४ | ११.०३ |
| ७ | कृषि, वन तथा मत्स्यमा संलग्न कामदार | ११७,१९७ | ५१.६० |
| ८ | कला तथा त्यससँग सम्बन्धित कामदार | २४,६०८ | १०.८४ |
| ९ | मेसिन चालक | ९,०२८ | ३.९८ |
| १० | सहायक पेसा | २३,३४० | १०.२८ |
| ११ | नखुलेको | ३,०९३ | १.३६ |
| | जम्मा | २२७,१०४ | १०० |

स्रोत : राष्ट्रिय जनगणना २०६८

### जनगणनाको नतिजाको आधारमा जिल्लाको अपाङ्गताको प्रकार अनुसार जनसङ्ख्या

| अपाङ्गताको प्रकार | जम्मा | प्रतिशत |
|---|---|---|
| शारीरिक | ३९०६ | ३०.१९ |
| दृष्टि विहीनता | ३११८ | २४.१० |
| बहिरा | २००९ | १५.५३ |
| श्रवण दृष्टि विहीनता | २७७ | २.१४ |
| स्वर बोलाइ सम्बन्धी | १३८१ | १०।६७ |
| मानिसक अस्वस्थता | ८१९ | ६।३३ |
| बौद्धिक अपाङ्गता | ४०८ | ३।१५ |
| बहु अपाङ्गता | १०१९ | ७।८८ |
| जम्मा | १२९३७ | १००।०० |

स्रोत : राष्ट्रिय जनगणना २०६८

### महिलाको स्वामित्व रहेको सम्पत्तिको आधारमा परिवारको वर्गीकरण

| क्र.सं. | विवरण | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिलाको नाममा घर र जग्गा भएका | २२६५५ | १७।१२ |

| क्र.सं. | विवरण | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| २ | महिलाको नाममा जग्गा मात्र भएका | १५४०७ | ११।६४ |
| ३ | महिलाको नाममा घर वा जग्गा कुनै नभएका | ९३३५४ | ७०।५४ |
| ४ | नखुलेको | ९२९ | ०।७० |
| | जम्मा | १३२३४५ | १०० |

स्रोत : राष्ट्रिय जनगणना २०६८

## ग. वार्षिक जनसङ्ख्या वृद्धिदर विवरण

| क्र.सं. | जनगणना अवधि | वार्षिक जनसङ्ख्या वृद्धिदर (प्रतिशत प्रतिवर्ष) |
|---|---|---|
| १ | २०२८–२०३८ | ३.४६ |
| २ | २०३८–२०४८ | ३.१२ |
| ३ | २०४८–२०५८ | २.८६ |
| ४. | २०५८–२०६८ | २.०६ |

स्रोत : राष्ट्रिय जनगणनाहरू २०२८, २०३८, २०४८, २०५८,२०६८

## लिङ्गीय विवरण

| क्र.सं. | विवरण | चितवन | नेपाल |
|---|---|---|---|
| १. | आफ्नै सम्पति भएका महिला भएको परिवार प्रतिशत | २८.७६ | १९.७१ |
| २. | महिला परिवार मुली भएका घर परिवार | ३३.७ | २५.७३ |
| ३. | महिला साक्षरता दर | ७०.७ | ५७.४ |
| ४. | क. प्रा.वि | ३२.११ | ४०.२३ |
| | ख. नि.मा.वि | २२.९६ | २०.६१ |
| | ग. मा.वि. | १२.७९ | ११.२८ |
| | घ. एस.एल.सी | १२.१६ | ९.६९ |
| | ङ. प्रमाणपत्र वा सो सरह | ७.७८ | ५.९४ |
| | च. स्नातक वा सो सरह | २.२९ | २.०८ |
| | छ. स्नातकोत्तर वा माथि | ०.५ | ०.५ |
| ५ | विधवाको अनुपात | ५.८८ | ६.६९ |
| ६ | विधुर अनुपात | १.८४ | २.७४ |

स्रोत : रा.ज.ग. २०६८, के.त.वि

## निर्वाचन क्षेत्र विवरण

| क्र.सं. | निर्वाचन क्षेत्र नं. | गा.वि.स./र.न.पा. | क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|---|---|
| १. | १ | भण्डारा, वीरेन्द्रनगर, कठार, कोराक, लोथर, पिप्ले, खैरहनी न.पा. (वडा नं. ५–१३) र रत्ननगर न.पा. (वडा नं. १७– १९) | ३९४.२६ |
| २. | २ | सिद्धी, पदमपुर, जुटपानी, शक्तिखोर, रत्ननगर न.पा. (वडा नं. १-१६), र खैरहनी न.पा. (वडा नं. १-४) | ३४४.५४ |
| ३. | ३ | काउले, दारेचोक, चण्डीभज्याङ, दाहाखानी, कविलास र भरतपुर उप महानगरपालिका (वडा नं. १–१२) | १५७.६१ |
| ४. | ४ | भरतपुर उप महानगरपालिका (वडा नं. १३–२९) र चित्रवन नगरपालिका | ४३३.१९ |
| ५. | ५ | माडी नगरपालिका, नारायणी नगरपालिका र दिव्यनगर | ९०८.७९ |
| | | **जम्मा** | **२,२३८.३९** |

स्रोतः सूचना तथा अभिलेख शाखा, जिविस, चितवन

## बत्ती बाल्न अक्सर प्रयोग गरिने स्रोतहरू

| क्र.सं. | नाम | प्रतिशत |
|---|---|---|
| १. | बिजुली | ८५.९३ |
| २. | सोलार | ५.६६ |
| ३. | मटितेल | ५.४५ |
| ४. | अन्य | २.३२ |
| ५. | नखुलेको | ०.४१ |

## तहगत विद्यालय विवरण

| विद्यालय | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|
| प्रा.वि | २२८ | ४० | २६८ |
| नि.मा.वि. | ७० | २४ | ९४ |
| मा.वि. | ९३ | १०२ | १९५ |
| उच्च मा.वि. | ४३ | १६ | ५२ |
| जम्मा | ३९१ | १६६ | ५५७ |

## चितवनमा खानेपानीको अवस्था

जिल्लाको कुल घरधुरी ९८३८५

खानेपानी लाभान्वित घरधुरी ८३१२६

सरसफाइ लाभान्वित घरधुरी ६७७६९